# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५६ सालको ऐन नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## नेपाल मेडिकल काउन्सिल ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : नेपाल मेडिकल काउन्सिल ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**

१. **संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल मेडिकल काउन्सिल (तेस्रो संशोधन) ऐन, २०५५" रहेकोछ ।**

**(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

२. **नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ मा संशोधन : नेपाल मेडिकल काउन्सिल ऐन, २०२० (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-**

**(१) खण्ड (क२) को सट्टा देहायको खण्ड (क२) राखिएकोछ :-**

**"(क२) "सदस्य" भन्नाले काउन्सिलको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउँछ।"**

**(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :-**

**"(ख) "अस्पताल" भन्नाले श्री ५ को सरकार वा गैर सरकारी स्तरबाट संगठित रुपमा संचालित रोगको उपचार, प्रतिरोध, निदान तथा पुनर्स्थापनाको लागि स्वास्थ्य सेवा प्रदान गर्ने निकाय सम्झनु पर्छ र सो शब्दले चिकित्साशास्त्रमा न्यूनतम स्नातक तह अध्ययन अध्यापन गर्ने गराउने तथा तालीम दिने दिलाउने उद्देश्यले स्थापना भएको मान्यता प्राप्त संस्थालाई समेत जनाउनेछ ।"**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

66

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछ :-

"(घ) "चिकित्सक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली अन्तर्गत चिकित्साशास्त्रमा स्नातकोपाधि प्राप्त गरी सो सम्बन्धी व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ।"

(४) खण्ड (घ) पछि देहायको खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) "विशेषज्ञ चिकित्सक" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधी डिग्री, डिप्लोमा प्राप्त गरेको एवं तोकिए बमोजिमको विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित व्यवसायमा लागेको चिकित्सक सम्झनु पर्छ।

(घ२) "मेडिकल कलेज" भन्नाले पूर्ण रुपमा आधुनिक चिकित्सा विज्ञानमा स्नातक वा स्नातकोत्तर अध्ययन वा पोष्ट ग्रायजुयट तालीम दिने दिलाउने उद्देश्यले स्थापना भएका शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले त्यस प्रयोजनको लागि स्थापना भएका मेडिकल संस्था तथा डेण्टल कलेजलाई समेत जनाउँछ।"

(५) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएकोछ :-

"(च१) "मान्यता प्राप्त" भन्नाले यो ऐन बमोजिम मान्यता प्राप्त सम्झनु पर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :-

"४. काउन्सिलको गठन : (१) दफा ३ बमोजिम स्थापना भएको काउन्सिलमा देहायका सदस्यहरु रहने छन् :-

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति - अध्यक्ष

(ख) काउन्सिलमा दर्तावाल चिकित्सकमध्येबाट निर्वाचित व्यक्ति - उपाध्यक्ष

(ग) नेपाल चिकित्सक संघको अध्यक्ष - सदस्य

(घ) नेपाल चिकित्सक संघबाट चुनिएको एकजना - सदस्य

(ङ) नेपाल मेडिकल काउन्सिलबाट चुनिएका आठजना - सदस्य

(च) डीन, चिकित्साशास्त्र अध्ययन संस्थान - सदस्य

(छ) चिकित्साशास्त्र अध्यापन गराउने प्रतिष्ठान/संस्थाहरुको डीन, रेक्टर आदि मध्येबाट पालो पालो गरी एकजना - सदस्य

(ज) स्वास्थ्य मन्त्रालयको प्रतिनिधि एकजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) श्री ५ को सरकारद्वारा मनोनीत उपभोक्ताको तर्फबाट राष्ट्रिय जीवनमा ख्याती प्राप्त एकजना – सदस्य

(ञ) श्री ५ को सरकारद्वारा मनोनीत प्री क्लिनिकल, पारा क्लिनिकल, क्लिनिकल र डेण्टलबाट एक/एकजना गरी र चिकित्सकहरुको विभिन्न संघ र समाज (नेपाल चिकित्सक संघ बाहेक) बाट पालै पालो प्रतिनिधित्व हुने गरी पाँचजना – सदस्य

(२) खण्ड (ख) र (ङ) बमोजिम निर्वाचित हुने पदाधिकारी तथा सदस्यहरु तोकिए बमोजिम निर्वाचित हुने छन् र यस प्रयोजनको लागि नेपाल मेडिकल काउन्सिलले तोकिए बमोजिम निर्वाचन आयोग गठन गर्नेछ । उपाध्यक्ष पदको उम्मेदवार बन्न कम्तिमा बाह्र वर्ष अविच्छिन्न रुपमा नेपाल मेडिकल काउन्सिलको साधारण सदस्यता रहेको चिकित्सक हुनु पर्नेछ।"

४. <u>मूल ऐनको दफा ५ मा संशोधन</u> : मूल ऐनको दफा ५ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर श्री ५ को सरकारबाट मनोनीत सदस्यलाई श्री ५ को सरकारले उचित कारण देखाई सदस्यबाट हटाउन सक्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनमा दफा ७क. र ७ख. थप : मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. र ७ख. थपिएका छन् :-

"७क. काउन्सिलको काम, कर्तव्य र अधिकार : (१) काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) चिकित्साशास्त्र अध्ययन अध्यापन गराइने तथा तालीम दिने दिलाउने मेडिकल कलेजलाई तोकिए बमोजिम मान्यता दिने ।

(ख) चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने तालिम दिने दिलाउने मेडिकल कलेजको पाठ्यक्रम भर्नाका शर्तहरु तथा परीक्षा प्रणाली सम्बन्धी तोकिए बमोजिमको नीति तथा अन्य आवश्यक पूर्वाधारहरु तथा मापदण्ड सम्बन्धी कुराहरुको मूल्याङ्कन र पुनरावलोकन गर्दा सो बमोजिम नभएको ठहर भएमा दर्ता तथा स्वीकृति खारेजीको लागि सिफारिस गर्ने ।

(ग) चिकित्सा व्यवसाय सुचारु रुपले संचालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) चिकित्सकहरुको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरुको तोकिए बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा (Liscencing Examination) लिई दर्ता प्रमाणपत्र दिने ।

(ङ) चिकित्सकहरुको तोकिए बमोजिम आचार संहिता तयार गर्ने र त्यस्ता आचार संहिता उल्लंघन गर्ने चिकित्सक उपर तोकिए बमोजिम कारबाही गरी दर्ता किताबबाट नाम हटाउने ।

(२) श्री ५ को सरकारले नेपाल अधिराज्यमा कुनै मेडिकल कलेज स्थापना तथा संचालन गर्ने स्वीकृति दिनु पूर्व काउन्सिलसंग परामर्श माग गर्नेछ र काउन्सिलले त्यस्तो मेडिकल कलेजले उपदफा (१) को खण्ड (ख) बमोजिम मापदण्ड तथा पूर्वाधार पूरा गरे नगरेको जाँचबुझ गरी पूरा गरेको देखिएमा मात्र काउन्सिलले मेडिकल कलेज स्थापना तथा संचालन गर्न स्वीकृति दिने सम्बन्धमा परामर्श दिनेछ र काउन्सिलको त्यस्तो परामर्शको आधारमा श्री ५ को सरकारले मेडिकल कलेज स्थापना तथा संचालन गर्ने स्वीकृति दिनेछ ।

७ख. <u>काउन्सिलको बैठक र निर्णय</u> : काउन्सिलको बैठक र निर्णय सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

६. <u>मूल ऐनको दफा ८ मा संशोधन</u> : मूल ऐनको दफा ८ मा रहेको "छानिएको" भन्ने शब्दको सट्टा "निर्वाचित भएको" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएकोछ :-

"१०. बैठक भत्ता तथा अन्य सुविधा : सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई काउन्सिलले तोके बमोजिम हुनेछ ।"

८. मल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-

"११. समिति गठन गर्न सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम काउन्सिलले आफूलाई प्राप्त अधिकार प्रयोग गर्नको लागि विभिन्न विषय समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार काउन्सिलले तोके बमोजिम हुनेछ ।"

९. मल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को शीर्षकमा रहेका "रजिष्ट्रार र अधिकृत बारे" भन्ने शब्दहरुको सट्टा "रजिष्ट्रार तथा कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

१०. मल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उपदफा (२) मा रहेका "३ पटकसम्म" भन्ने शब्दहरु झिकिएका छन् र सोही उपदफाको अन्तमा "दर्ता किताबबाट हटाई काउन्सिललाई सूचना गर्नेछ" भन्ने शब्दहरुको सट्टा "दर्ता किताबबाट हटाउन सक्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

११. मल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएकोछ :-

"१४. रजिष्टरमा नाम दर्ता गराउने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही अनुसूचीमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखिए बमोजिमको योग्यता प्राप्त व्यक्तिले दर्ता किताबमा नाम दर्ता गराउनको लागि तोकिए बमोजिमको दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा काउन्सिल समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर काउन्सिलले जाँचबुझ गर्दा रीतपूर्वकको देखिएमा त्यस्ता व्यक्तिको नाम दुई वर्षका लागि अस्थायी रुपमा दर्ता किताबमा दर्ता गरी सोको प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबमा अस्थायी रुपमा नाम दर्ता भएका व्यक्तिहरु मध्ये श्री ५ को सरकारको सेवामा रहेका र श्री ५ को सरकारलाई प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न गएका व्यक्तिहरुले स्वास्थ्य मन्त्रालयले तोकेको स्थानमा तोकेको अवधिसम्म चिकित्सा व्यवसाय गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिले दुई वर्षसम्म चिकित्सा व्यवसाय गरेपछि काउन्सिलले दर्ता किताबमा स्थायी रुपमा नाम दर्ता गरी सो को प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (३) बमोजिम तोकेको अवधिसम्म काम गरिसकेका व्यक्तिको नाम स्वास्थ्य मन्त्रालयको सिफारिसमा काउन्सिलले दर्ता किताबमा स्थायी रुपमा दर्ता गरी सो को प्रमाणपत्र दिनेछ ।

(६) अनुसूचीमा लेखिए बमोजिमको योग्यता बाहेक अन्य व्यक्तिलाई पनि काउन्सिलको रायमा आधुनिक चिकित्सा प्रणालीमा न्यूनतम योग्यता प्राप्त भएकोछ भन्ने ठहऱ्याई काउन्सिलले सिफारिस गरेमा स्वास्थ्य मन्त्रालयले यस दफाको अधीनमा रही त्यस्ता व्यक्तिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नाम दर्ता किताबमा दर्ता गर्न निर्देशन दिएमा काउन्सिलले त्यस्ता व्यक्तिको नाम दर्ता किताबमा दर्ता गरी सो को प्रमाणपत्र दिनेछ ।

(७) काउन्सिलमा विदेशी नागरिकको नाम दर्ता गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१२. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को उपदफा (१) मा रहेका "नियुक्त गरिएको समितिमा" भन्ने शब्दहरुको सट्टा "तोकिएको समितिमा" भन्ने शब्दहरु राखिएका छन् ।

१३. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ :-

"(क) काउन्सिलले आवश्यक ठानी तोकेका उपाधि, शैक्षिक योग्यताको प्रमाणपत्र र अन्य प्रमाण तथा कागजातहरु ।"

१४. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को,-

(१) उपदफा (२) मा रहेको "यो ऐन र नियम बमोजिम काउन्सिलले गर्ने गरेका सबै वा केही अधिकार एवं कर्तव्य आफैंले लिन र गर्न गराउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा बिनियम बमोजिम काउन्सिलले गर्ने गरेका कार्यहरु गर्नको निमित्त अन्तरिम कार्यकारी परिषद्को गठन गर्न सक्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) मा रहेका "श्री ५ को सरकारले" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) बमोजिम गठित अन्तरिम कार्यकारी परिषद्ले" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) यो ऐन बमोजिम काउन्सिलले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले निर्णय भए गरेको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

१६. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "काउन्सिलको सिफारिसमा श्री ५ को सरकारले" भन्ने शब्दहरुको सट्टा "काउन्सिलले" भन्ने शब्द राखिएकोछ ।

(२) उपदफा (१क) मा रहेको "श्री ५ को सरकारबाट" भन्ने शब्दको सट्टा "काउन्सिलबाट" भन्ने शब्द राखिएकोछ ।

(३) उपदफा (२) मा रहेका "श्री ५ को सरकार समक्ष" भन्ने शब्दहरुको सट्टा "काउन्सिल समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (३) मा रहेका "श्री ५ को सरकारले काउन्सिलको परामर्श लिई" भन्ने शब्दहरुको सट्टा "काउन्सिलले" भन्ने शब्द राखिएकोछ ।

१७. मूल ऐनको दफा २१ख. मा संशोधन : मूल ऐनको दफा २१ख. को उपदफा (२) मा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित मेडिकल संस्थाले सम्बन्धन प्राप्त गरेको विश्वविद्यालय वा शिक्षण संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मूल ऐनको दफा २१ग. मा संशोधन : मूल ऐनको दफा २१ग. को सट्टा देहायको दफा २१ग. राखिएकोछ :-

"२१ग. मान्यता हटाउने : (१) दफा २१ख. को उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन उपर सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाले तोकिए बमोजिमको कार्यविधि अपनाई आवश्यक जाँचबुझ गरी आफ्नो राय ठहर श्री ५ को सरकारमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त हुन आएको राय ठहरको सम्बन्धमा श्री ५ को सरकारले काउन्सिलसंग परामर्श गरी त्यस्ता मेडिकल संस्थाको सम्बन्धमा काउन्सिललाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम श्री ५ को सरकारले दिएको निर्देशन बमोजिम काउन्सिलले आवश्यक निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम काउन्सिलले त्यस्तो मेडिकल संस्थाको मान्यता अनुसूचीबाट हटाउने वा त्यस्ता मेडिकल संस्थाबाट कुनै खास मितिपछि प्रदान गरिएको चिकित्साशास्त्र सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई अनुसूचीबाट हटाउने गरेको निर्णय नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।"

१९. मूल ऐनमा दफा २१घ. थप : मूल ऐनमा दफा २१ग. पछि देहायको दफा २१घ. थपिएकोछ :-

"२१घ. विशेष परीक्षा सञ्चालन गर्न सकिने : चिकित्साशास्त्रमा आवश्यक गुणस्तर कायम राख्नको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

८६